लेखापरीक्षण प्रतिवेदन

पलता गाउँपालिका, कालिकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

पलता गाउँपालिका, कालिकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/734

श्रीमान् अध्यक्षज्यू,

पलता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कालिकोट।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(टिकाराम श्रेष्ठ)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/734

श्रीमान् अध्यक्षज्यू ,

पलता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कालिकोट ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियतसहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको आय व्ययतर्फ रु.१ अर्ब ३९ लाख १५ हजारको लेखापरीक्षणबाट रु.१ करोड १८ लाख ५३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.५ लाख ९७ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रू.२६ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५९ लाख ४८ हजार र नियमित गर्नुपर्ने रु. २६ लाख ६४ हजार गरी जम्मा रु.१ करोड १२ लाख ५६ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.३१ करोड २४ लाख ७५ हजारमध्ये रु. ३ लाख ८२ हजार फर्स्यौट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ३२ करोड ३३ लाख ४९ हजार बाँकी रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा - लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
३५	६६	१,१८,५२,५२५	०	५	५,९६,९००	०	३५	६१	१,१२,५५,६२५	२६,४३,४७६	२६,६३,९६८	५९,४८,१८१	०	०	८६,१२,१४९	०

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कालिकोट	३१,२४,७५,३९२	0	३,८२,३२३	३१,२०,९३,०६९	०	१,१२,५५,६२५	३२,३३,४८,६९४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	३६	बढी भुक्तानी	६६,८००
२	२०८१/८२	५०	बढी निकासा	१,५५,६६९
३	२०८१/८२	३४	फाँटवारी बेगर भुक्तानी	१,४०,०००
४	२०८१/८२	१६	दाखिला बाँकी	२,३०,३८१
५	२०८१/८२	३९	कर दाखिला	४,०५०
६	२०७७/७८		बढी भुक्तानी	३,८२,३२३
जम्मा				९,७९,२२३

पलता गाउँपालिका, कालिकोट

(८०६६५५०४३००)

पलाता गाउँपालिका , कालिकोट

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ३१८.८४ वर्ग किलोमिटर क्षेत्रफल तथा १७३४६ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१६ देखि २०८२।५।१९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ एकिकृत आय व्यय

पलता गाउपालिका					
आ.व. २०८१।८२					
आर्थिक कारोबारको एकिकृत विवरण					
प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात			चालु खर्च		
१. संचित कोष	२०५३३११९.५९		१. पालिका तर्फ	१२२४७१५३०.१४	
२.धरौटी	२७७२२४७		२. संघीय सशर्त	१४४७८२६४४.४४	
३.कार्यसञ्चालन कोष			३. संघीय विशेष	८०९५६५१	
४. अन्य कोष			४. प्रदेश सशर्त	९२०८७३	
यस वर्षको आय			५. प्रदेश विशेष		
१.आन्तरिक आय	१८२८१५९.०८		पुँजीगत खर्च		
२. वित्तीय हस्तान्तरण (संघ)			१. पालिका तर्फ	७०६६१७९४	
क) समानीकरण अनुदान	८५२४५०४०		२. संघीय सशर्त	१३८४२२०५	
ख) राजस्व बाँडफाँट	८५९३१६७३.१४		३. संघीय विशेष		
ग) सशर्त अनुदान	१८१३०२०००.		४. संघीय समपुरक		
घ) समपुरक अनुदान			५. प्रदेश सशर्त	२०७९९६९८	
ङ) विशेष अनुदान	२०००००००		६. प्रदेश विशेष	२५८९०००	
च) रोयल्टी			७. प्रदेश समपुरक	१८२८०००	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		
३. वित्तीय हस्तान्तरण (प्रदेश)			क) सामाजिक सुरक्षा	७८०५२८८९	
क) समानीकरण अनुदान	१०५४२०००		ख) गरिबसँग विशेश्वर कार्यक्रम		
ख) राजस्व बाँडफाँट	०		…………..		
ग) सशर्त अनुदान	२५८४३०००		अन्तर सरकारी अख्तियारी (प्रदेश)	३१२०००	
घ) समपुरक अनुदान	१८२८०००		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान	२५८९०००		ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी			धरौटी फिर्ता तथा सदर स्याहा	३३२३१०	

छ) अन्य			कार्यसञ्चालन कोषबाट भएको खर्च		
४. **अन्तर सरकारी अख्तियारी (संघ)**			अन्य कोषबाट भएको खर्च		
क) सामाजिक सुरक्षा	७८०५२८८९		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) विधालय शिक्षा क्षेत्र योजना			अन्य सहयोगमा सञ्चालित योजना		
ग)			अन्य खर्च भएमा		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	३१२०००		अनुदान फिर्ता		
६. ऋण/ **वित्तीय व्यवस्था**			१. संघ तर्फ		
७. धरौटी आय			क) सशर्त अनुदान	२५२८२७०६.८	
८. **कार्यसञ्चालन कोष आय**			ख) विशेष अनुदान	११९०४३४९	
९. अन्य कोषको आय			ग) फिन्ल्याण्ड सरकार अनुदान फिर्ता	३६५७५४	
१०. **गैरसरकारी संस्थाबाट सञ्चालित योजना**	५००००००		२. प्रदेश तर्फ		
११. **अन्य सहयोगमा प्रास सञ्चालित योजना**			क) सशर्त अनुदान	३२००३०२	
१२. **अन्य आय भएमा**			ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		
			१. संचित कोषको मौज्दात	१२७२७५३४.२	
			२. धरौटी	२४३९९३७.३४	
			३. कार्यसञ्चालनकोष	११६९९५०.२३	
			४. अन्यकोष		
जम्मा	५२१७७९१२८.१५			५२१७७९१२८.१५	

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७८०५२८८९ र कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयवाट प्राप्त रु.३१२००० समेत जम्मा रु.७८३६४८८९ सुत्रमा लेखाङ्कन भएको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ **हिसाब फरकः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट सबै कारोबार समेटिएको एकीकृत आर्थिक विवरण माग भएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी सारेकोमा रु २४३९९३७, यस वर्षको प्राप्ति रु १२३७६५१७८, यस वर्षको भुक्तानी रु ११९४२७२७४ र वर्षान्तको मौज्दातमा रु. ७११०१५१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ती	यसवर्षको भुक्तानी	मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२०८६५४२९	३७४७०८५८३	३८६०१४४३२	९२२७२७०
एकीकृत आर्थिक विवरण अनुसार	२३३०५३६६	४९८४७३७६१	५०५४४१७०६	१६३३७४२१
फरकः	२४३९९३७	१२३७६५१७८	११९४२७२७४	७११०१५१

३.३ **गत वर्षको जिम्मेवारीः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाको म ले प फारम २७० परिक्षण गर्दा गत वर्ष सञ्चित कोष समेत मौज्दात रु.१५३६३४१६ रहेकोमा यस वर्ष संचित कोष समेत रु.२०८६५४२९ जिम्मेवारी सारेको देखिन्छ । गत वर्षको मौज्दात भन्दा रु.५५०२०१३ बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

४ बजेट पेश, पारित तथा अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख अलैपुरा जैसीले मिति २०८१।३।९ गते रु. ५० करोड ३१ लाख ९० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८१।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ सेवा प्रवाह

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु गाउँवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक अभिलेख गरिनु पर्दछ । गाउँपालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	**विवरण**	**निवेदन**	**शिफारिस**
१	नागरिकता सिफारिस	१६२	१६२
४	नाता प्रमाणित	१९६	१९६
५	जन्म मृत्यु	५९३	५९३
६	अन्य	५४२	५४२

पालिकाले सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सबैको अभिलेख राख्ने तर्फ ध्यान दिनु पर्दछ ।

६ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथी विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- गाउँपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन । सवारी साधनको प्रयोग गर्दा लगवुग प्रयोग भएको छैन ।सवारी मर्मत तथा इन्धनको निश्चित मापदण्ड वनाइ वितरण भएको छैन ।
- गाउँपालिकाले उद्देश्य प्राप्तिमा आईपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनवाई सीमित गरेको अवस्था छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्य मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन ।
- गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- गाउँपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- गाउँपालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले यस वर्ष सम्म १ नियमावली ११ कार्यविधि र २ निर्देशिका सहित १४ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । । गाउँपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वियन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ ।

८ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने विषय उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू (गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास) लाई गणना गरी ८० अंक भन्दा बढी आउनेलाई पि१ गरी योजनाको प्राथमिकता निर्धारण गरी प्राथमिकता प्राप्त पि१ योजनामा लगानी गरी आवधिक योजनासँग सामानजस्यता गर्नुपर्दछ । गाउँपालिकाले आयोजना छनौट गर्दा वडागत हिसाबले र अत्यन्तै स-साना टुक्रे आयोजना छनौट गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइयो । गाउँपालिकाले आ.ब. २०८१।८२ मा निम्नानुसारका आयोजनामा बजेट विनियोजन गरेको पाइयो । आयोजनाहरूको प्राथमिकिकरणका आधार अंक गणना गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

क्र.सं.	कार्यक्रमको नाम	संख्या	रु.२० लाख माथिका योजना संख्या	रु.५ लाख देखि २० लाखसम्मका योजना संख्या	रु.५ लाख भन्दा कमका योजना संख्या
१	LISP + गाउँ बाट संचालित सम्पूर्ण योजना हरु + प्रधान मन्त्री, मुख्य मन्त्री का सम्पूर्ण योजना हरु	८०	४३	४६	०

९ **क्षेत्रगत बजेट तथा खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	खर्च प्रतिशत
आर्थिक विकास	६१२२१०००	१९०५८४३८	५
सामाजिक क्षेत्र	१८१५५४०००	१५४९५५१९१	४०
पूर्वाधार विकास क्षेत्र	९६१४००००	७१४८७१४६	१८
वित्तीय व्यवस्थापन र सुशासन	२०५०९७९०	१४२८११९२	३
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	१४३७६६०००	१२६२३२४६५	३४
जम्मा	८५३१९०७९०	३८६०१४४३२	१००

क्षेत्रगत बजेट खर्च परिक्षण गर्दा पूर्वाधार विकास क्षेत्रमा १८ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । पूर्वाधार विकास क्षेत्रमा खर्च दक्षता र पूर्वतयारी प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **आर्थिक कारोबारको लेखाङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी, प्राप्त रकमको मास्केवारी- २२२, सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धीत गोश्वारा लगत- ५०७, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गर्नु पर्दछ ।

१२ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा सार्वजनिक निकायले वार्षिक स्विकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न मासिक अनुमानित खर्च, खरिद योजना तथा नगद प्रवाह सहित कार्ययोजना बनाउनुपर्ने हुन्छ । तर पालिकाले उक्त व्यवस्था बमोजिम बजेट कार्यान्वयन कार्ययोजना नबनाइ गत विगत जसरी नै वर्षान्तमा अधिकतम पुँजीगत खर्च गरेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुंजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनी कायमै रहेको देखियो । कूल पुंजीगत खर्च रु. १० करोड ९७ लाख २० हजार भएकोमा प्रथम त्रैमासिक र दोस्रो त्रैमासिकमा खर्च नभएको , तेस्रो त्रैमासिकमा रु. ९२ लाख ७४ हजार र चौथो त्रैमासिकमा रु. १० करोड ४४ लाख ६२ हजार र असार महिनामा मात्रै रु. ९ करोड २ लाख ३६ हजार खर्च भएको देखिन्छ । आर्थिक बर्षको अन्त्यमा हुने विकास निर्माणले कामको गुणस्तर र दिगोपनामा असर पर्ने हुनाले गाउँपालिकाले समयमै विकास निर्माण कार्य गर्न ध्यान दिनुपर्दछ ।

क्र.सं	वजेट शिर्षक उपशिर्षक	कूल खर्च	चौमासिक				
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	चौथो चौमासिक	आषाढ महिना
१	पुजिगत खर्च	१०९७२०६९७	०	०	९२७४४१६	१०४४६२८१	९०२३६६१२

१३ **सामुदायिक वनको आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको सचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष सो बापत कुनै आय प्राप्त गरेको देखिएन। पालिका भित्रका वन उपभोक्ता समितिबाट उक्त राजस्व प्राप्तिको लागि डिभिजन वन कार्यालय तथा सम्बन्धित उपभोक्ता समितिसँग समन्वय गरी वन पैदावारको विक्री वापतको रकम असुल गर्नुपर्दछ ।

१४ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने

व्यबस्था छ । गाउँपालिकाको कर्मचारी कल्याणकोषमा कुनै रकम जम्मा गरेको छैन । ऐनमा भएको उपर्युक्त व्यवस्था अनुसार सो कोषमा नियमित रुपमा रकम जम्मा गरी भविष्यमा वहन गर्नुपर्ने दायित्व सुनिश्चित गर्नुपर्दछ ।

१५ **जिन्सी तथा सम्पत्तिको संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालयलाई प्राप्त मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दानी बाधी लगत अद्यावधिक गर्नुपर्ने व्यबस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ ।

सोही नियमावलीको नियम १०६(१) तथा १११(१,२,३,४,५,६ र ७) बमोजिम कार्यालयले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामग्रीहरुलाई एक महिनाभित्र लिलाम प्रकृया सुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने सामाग्रीलाई समिति बनाइ मिनाहा दिनुपर्ने व्यबस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सि निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका सामाग्रीहरु जस्तै मोबाईल ल्यापटप लगायतका समान मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने भनि सिफारिस गरेको छ । उल्लेखित समानहरुलाई नियमावलीमा भएको व्यबस्था बमोजिम लिलाम तथा मर्मत गरी कार्यालयले जिन्सि अद्यावधिक गर्नुपर्दछ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सरकारी सामुदायिक तथा सार्वजानिक सम्पत्तिको रेखदेख, मर्मत संभार र संरक्षण गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजानिक सम्पत्तिको मर्मत तथा संभार गरेको अभिलेख राखेको पाइएन ।

१६ **दाखिला बाँकी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२३०,३८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१७ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ ख को उपदफा २, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु शिर्षक अन्तर्गत स्वास्थ्य तर्फ स्थायी कर्मचारीहरुको र पालिका तर्फ स्थायी कर्मचारीहरुको रु. ३९९८८३४८ तलब भत्तामा खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुले खाइपाइ आएको तलव भत्ता तथा ग्रेडको रकम एकिन गर्न सकिएन । नियममा भएको व्यवस्था वमोजिम पालिकाले तलवी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नुपर्दछ ।

१८ **खरिद** (३३६-2082-03-25):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा खरिदलाइ टुक्रा पार्न नहुने व्यवस्था छ । पालिकाले नेपाल सरकारवाट प्राप्त विशेष अनुदानवाट गर्ने कामहरुको प्रस्तावना अनुसार एउटै प्याकेज बनाइ सार्वजनिक खरिद गर्नुपर्नेमा उक्त खरिदवाट छुट्टै लागत अनुमान बनाइ संगम निर्माण सेवा एण्ड अर्डर सप्लायर्स मार्फत वडा नं ७ मा सिचाइ निर्माणको काम सोझै खरिद विधिवाट गरेको देखिन्छ । कानुन विपरित खरिद कार्य गरेको अनियमित देखिएको रु

अनियमित भएको	९,५५,७५४

१९ **भवन निर्माण मापदण्ड**

५५।०८२।३।१०, सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सम्बन्धित निकायको उपलब्ध जनशक्तिवाट सम्पादन हुन नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खर्चलाइ मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि

मापदण्ड २०७८ को नियम १४ मा सार्वनिक निकायले निर्देशिका, मापदण्ड कानुन तथा नियमित कामको लागी परामर्श सेवा खरिद गर्न नसकिने व्यवस्था छ । कानुन तथा मापदण्ड बनाउने काम गाउँपालिकाको नियमित कार्यक्षेत्र भित्र पर्ने देखिन्छ । तर पालिकाले भवन निर्माण मापदण्ड बनाउन गणेशाय इन्फ्रा सर्भिस प्रा लिलाइ रु. ९९५२४७ भुक्तानी गरेको छ । कानुनमा तोकेको आफ्नो मुख्य कार्यक्षेत्रको कार्यमा परामर्श सेवा खरिद गरी कार्य गराएको कार्य अनियमित देखिएको रु

अनियमित भएको	९,९५,२४७

२० **उपभोक्ता समितिवाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । लेखापरीक्षणमा प्रविधिकको मूल्याङ्कनलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्ये नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका गाउँपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वियनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

ख. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन।

ग. योजना कार्यान्वियनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

घ. कुनै पनि उपभोक्ता समितिसँग योजना कार्यान्वियनको लागि कार्यतालिका लिएको छैन ।

ङ. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

च. कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

छ. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

ज. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

झ. उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

तसर्थ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भरपाई पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२१ **बढी भुक्तानी** (188-2082-03-25):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान बनाउदा स्विकृत नर्म्सको आधारमा प्रचलित जिल्ला दररेटलाइ आधार लिइ अनुसूची १ को ढाचामा बनाउनुपर्ने व्यवस्था छ । पालिकाले रिखिदेव देखि उखाडि सम्म सडक योजनामा सम्बन्धित उपभोक्ता समितिलाइ रु २६९६१६१ भुक्तानी गरेको छ ।उक्त योजनामा पालिकाले बनाएको दररेट विश्लेषण परिक्षण गर्दा सडक विभागको नर्म्स (सडक तथा पुल सम्बन्धि दररेट विश्लेषण र नर्म्स)२०७५ को साधारण माटो कटिङ (Norms No.9.1 (i)(B) प्रयोग गरी प्रति घन मिटर कामको रु ८६ दर कायम गरेको छ । उक्त दर अनुसार ३७५१४ घन मिटर कामको रु

३२२६२०४ मुल्यांकन गरी उपभोक्ता समितिलाइ भुक्तानी भएको छ । तर योजनाको लागत अनुमान र नापी परिक्षण गर्दा उक्त योजनामा नया कटिङको काम नभएको तथा सडकको विभिन्न स्थानमा पहिरो मात्र सफा गरेको देखिन्छ । पहिरो सफा गर्ने कामको लागी सो नर्म्सको Norms No.२९.१९(Land slide clearance in soil) प्रयोग गर्नुपर्ने हुन्छ । पहिरो सफाइ गरेको उक्त नर्म्समा दक्ष जनशक्ति, अदक्ष जनशक्ति र एक्साभेटरको प्रचलित जिल्ला दररेट राख्दा प्रति घन मिटर कामको रु ५२ मात्र हुन आउने देखिन्छ । यसरी फरक नर्म्स प्रयोग गरी प्रति घन मिटर काममा रु ३४ ले बढी भुक्तानी भइ जम्मा ३७५१४ घन मिटर माटो सफा गरेको कामको रु १२७५४७६ बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिवाट असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१२,७५,४७६

२२ **कार्यसम्पन्न** (३५-2082-02-11):

सार्वजनिक खरिद नियमावली. २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भए पछि प्राविधिक नापजाँच गरी कार्यसम्पन्न भए नभएको एकिन गरी कार्यसम्पन्न प्रतिवेदन बनाउनुपर्ने उल्लेख छ । पालिकाले वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग भेडुला खोला लघु जलविद्युत आयोजनाको कुल लागत रु ११७४७७९६ मध्ये ९० प्रतिशत वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र बाँकी १० प्रतिशत पालिकाले व्यहोर्ने गरी सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार कुल लागतको १० प्रतिशत रकम रु ११७४७७९ पालिकाले बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको नाममा भुक्तानी दिएको देखिन्छ । लेखापरीक्षण अवधि सम्म संलग्न प्रमाणवाट उक्त योजना सम्पन्न भइ संचालनमा आएको नदेखिएकोले सम्झौता अनुसारको काम सम्पन्न भएको पुष्टि गर्ने कार्यसम्पन्न पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	११,७४,७७९

२३ **गुणस्तर परिक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार निर्माण कार्यको गुणस्तर परीक्षण गर्नुपर्दछ ।

२४ **भवन निर्माण** (१४-2082-03-25):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीले कार्यसम्पादन नगरेको अवस्थामा कानुन बमोजिम आवश्यक कारवाही गर्नुपर्ने उल्लेख छ । पालिकाले दैनिकर मा वि भवन निर्माण कार्यको लागी २०८१।१२।१४ मा निर्माण कार्य सम्पन्न गर्ने गरी पलता जे एस बि निर्माण सेवासगं रु.२३४७२४८५ मा सम्झौता गरेको देखिन्छ । उक्त निर्माण व्यवसायीले निर्धारित अवधिमा रु.२५८९००० को मात्र काम गरी भवनको रंगरोगन, प्लाष्टर लगायतको मुख्य कामहरु नगरी काम अधुरो छोडेको देखिन्छ । तोकिएको कार्यसम्पादन निर्धारित समयावधि भित्र नभएको अवस्थामा समेत पालिकाले आवश्यक कारबाही सहित म्याद थप गरी बाँकी कार्य समेत सोही निर्माण व्यवसायीवाट समेत गराएको नदेखिएकोले म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा सोही दफा अनुसार सम्झौता अन्त्य गरी निजले राखेको कार्यसम्पादन जमानत वापतको रु ४७७४६५ सम्बन्धित बैकंवाट जफत गरी राजस्वमा आम्दानी बाँध्नुपर्ने र निर्माण व्यवसायीलाइ कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	४,७७,४६५

२५ **कार्यविधि नपुर्याइ खर्च**

१०४-११।५ वाट कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक वैकल्पिक शिक्षा कार्यक्रम परम्परागत विद्यालय, वैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम संचालन कार्यविधि उल्लेख छ । उक्त शिर्षकमा पालिकाले रु.३४३९६० खर्च लेखेको छ । गाउँपालिका भित्र रहेका निरक्षरलाइ साक्षर वनाउन प्रत्येक टोल टोलमा सहजकर्ता खटाइ खाजा, खाना, भत्ता लगायतमा प्रति जवान रु.७५०० का दरले खर्च लेखेको देखियो । तर

पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेखित प्रकृया तथा कार्य नगरी सहजकर्ता मात्र खटाइ उक्त रकम खर्च गरेको देखिन्छ । यसरी कार्यविधिमा उल्लेख भएको प्रकृया तथा कार्य नगरी खर्च गर्ने प्रयोजनको लागी मात्र खर्च लेखिएको कार्य अनियमित देखिएको रु

अनियमित भएको	३,४३,९६०

२६ **कार्यविधि विपरित खर्च**

१७५-३।११ वाट कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.३०४ वमोजिम विपदका समयमा सिकाइ निरन्तरताको लागी सिकाई आपूरण तथा द्रुत सिकाइ योजना (Real Plan) कार्यान्वयन सम्बन्धि व्यवस्था छ ।तर पालिकाले सो अन्तर्गत कार्यमा शिक्षा शाखा प्रमुख कल वहादुर भण्डारीको नाउमा रु १६५९२३ खर्च लेखेको छ । कार्यालयले विभिन्न विद्यालयको ४८ जना सहभागी गराइ माघ १७ र १८ गते सिकाइ कार्यक्रम सन्चालन गरेको देखियो । कार्यविधि अनुसार स्थानीय तहले विकास साझेदार संस्थाहरुको नक्साङ्कन ReAL Plan नमूना गर्नुपर्ने कार्यहरुको अभिमुखीकरण तथा ReAL Plan कार्यक्रमको लागी स्रोतको नक्साङ्कन गर्ने, स्थानीयतहमा उपलव्ध वजेटलाइ स्थानीयमा सन्चालन गर्ने तालिम, अनुगमन प्रतिवेदन लगायत अन्य आवश्यक क्षेत्रमा वजेट छुट्याइ बांकी रकम विद्यालयले सम्पादन गर्ने शिक्षक तालिम, परीक्षण सन्चालन पहिलो र अन्तिम, सिकाइ आपूर्ण र द्रुत सिकाइका कार्यक्रम सन्चालनको वजेट वाँडफाँड सहित कार्यक्रम कार्यान्वयनको आधार समेत विद्यालयलाइ उपलव्ध गराउने, विद्यालयमा सन्चालिन कार्यको नियमित अनुगमन गरी कार्यसम्पादनको प्रगति केन्द्रमा पठाउने, स्थानीय योजनामा ReAL Plan कार्यान्वयनका विषयवस्तु समावेश गर्ने र ReAL Plan कार्यान्वयनका लागी एक जना कर्मचारीलाइ कार्यक्रम संयोजक तोकी कार्यान्वयनमा सहजीकरणको व्यवस्था मिलाउने उल्लेख छ । तर पालिकाले उक्त कार्यविधिमा उल्लेख गरे अनुसारको कार्यविधि पुरा नगरी उक्त शिर्षकवाट खर्च लेखेको छ । कार्यविधिमा उल्लेख गरेको प्रकृया पुरा गरेर मात्र खर्च लेख्नुपर्ने देखिएको रु

अनियमित भएको	१,६५,९२३

२७ **बढी रकम निकासा**

कार्यक्रम कार्यान्वयन पुस्तिका. २०८१।८२ क्रियाकलाप नं.१.१.४.१ को १.१ मा प्रारम्भिक बालबिकास शिक्षकको पारश्रमिक प्रति महिना रु.१०००० हुने १.२ मा प्रत्येक सामूदायिक विद्यालयमा १ जना विद्यालय सहयोगीका लागी मासिक रु.८००० का दरले १२ महिना र चाडवाड खर्चका लागी पारिश्रमिक अनुदान उपलव्ध गराउने र प्रत्येक सामूदायिक माध्यमिक विद्यालयमा थप एक जना विद्यालय सहायक कर्मचारीका लागि मासिक रु.१३५०० का दरले १२ महिना र चाडपर्व खर्चका लागि पारिश्रमिक अनुदान उपलव्ध गराउने उल्लेख छ ।पालिकाले देहाय अनुसार उल्लेखित दर भन्दा लेखापाललाइ रु.२००० र सि.एल.सी तर्फ रु.३००० मासिक थप गरी सशर्त तर्फको बजेटवाट खर्च लेखेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेभन्दा वढीका दरले भुक्तानी भएको रु.१३६८००० असुल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.

सि.नं	विद्यालयको नाम	मासिक थप	१२ महिनाको थप रकम	पद
1.	श्री कालिका माध्यमिक विद्यालय	२०००	२४०००	लेखापाल
2.	श्री कर्णाली माध्यमिक विद्यालय	२०००	२४०००	लेखापाल
3.	श्री सरस्वती माध्यमिक विद्यालय थिर्पु	२०००	२४०००	लेखापाल
4.	श्री सरस्वती माध्यमिक विद्यालय	२०००	२४०००	लेखापाल
5.	श्री देउली माध्यमिक विद्यालय	२०००	२४०००	लेखापाल
6.	श्री दुदेसिलो माध्यमिक विद्यालय	२०००	२४०००	लेखापाल
7.	श्री दैनिकर माध्यमिक विद्यालय	२०००	२४०००	लेखापाल
8.	श्री परेगमाला मा.वि डोरी ओखलढुंगा गा.पा.३ विद्यालय	२०००	२४०००	लेखापाल
9.	श्री कालिका माध्यमिक विद्यालय	२०००	२४०००	लेखापाल
10.	श्री कालिका माध्यमिक विद्यालय	२०००	२४०००	मा.वि. कार्यालय सहयोगी
11.	श्री कर्णाली माध्यमिक विद्यालय	२०००	२४०००	मा.वि. कार्यालय सहयोगी
12.	श्री सरस्वती माध्यमिक विद्यालय थिर्पु	२०००	२४०००	मा.वि. कार्यालय सहयोगी
13.	श्री सरस्वती माध्यमिक विद्यालय	२०००	२४०००	मा.वि. कार्यालय सहयोगी
14.	श्री देउली माध्यमिक विद्यालय	२०००	२४०००	मा.वि. कार्यालय सहयोगी
15.	श्री दुदेसिलो माध्यमिक विद्यालय	२०००	२४०००	मा.वि. कार्यालय सहयोगी
16.	श्री दैनिकर माध्यमिक विद्यालय	२०००	२४०००	मा.वि. कार्यालय सहयोगी
17.	श्री परेगमाला मा.वि डोरी ओखलढुंगा गा.पा.३ विद्यालय	२०००	२४०००	मा.वि. कार्यालय सहयोगी
18.	श्री कालिका माध्यमिक विद्यालय	२०००	२४०००	मा.वि. कार्यालय सहयोगी
19.	श्री कालिका मा.वि पुलाँहा	३०००	३६०००	मा.वि सहयोगी
20.	श्री धवलपपुरा आ.वि लौठारुख	३०००	३६०००	मा.वि सहयोगी
21.	श्री गणेश आ.वि खाडा	३०००	३६०००	मा.वि सहयोगी
22.	श्री प्रभात आ.वि दाम	३०००	३६०००	मा.वि सहयोगी
23.	श्री सरस्वती मा.वि राड्डुनेटा	३०००	३६०००	मा.वि सहयोगी
24.	श्री मष्टा आ.वि बान्जाडा	३०००	३६०००	मा.वि सहयोगी
25.	श्री जनउत्थान आ.वि काप्रेखोला	३०००	३६०००	मा.वि सहयोगी
26.	श्री भवानी आ.वि सल्लेरी	३०००	३६०००	मा.वि सहयोगी
27.	श्री जनविचार आ.वि मेहेल्ने	३०००	३६०००	मा.वि सहयोगी
28.	श्री कर्णाली मा.वि खिन	३०००	३६०००	मा.वि सहयोगी
29.	श्री देउली मा.वि उखाडी	३०००	३६०००	मा.वि सहयोगी
30.	श्री जनसेवा आ.वि छहड्ने	३०००	३६०००	मा.वि सहयोगी

31.	श्री भवानी आ.वि फागोटी	३०००	३६०००	मा.वि सहयोगी
32.	श्री दैनिकर मा.वि फागोटी	३०००	३६०००	मा.वि सहयोगी
33.	श्री माडुगडा आ.वि पारौटी	३०००	३६०००	मा.वि सहयोगी
34.	श्री दुदेशिल्लो मा.वि वेर्सेनकोट	३०००	३६०००	मा.वि सहयोगी
35.	श्री जनजागरण आ.वि नाइवाडा	३०००	३६०००	मा.वि सहयोगी
36.	श्री महादेव आ.वि दाम्री	३०००	३६०००	मा.वि सहयोगी
37.	श्री सरस्वती माध्यमिक विद्यालय थिर्पु	३०००	३६०००	मा.वि सहयोगी
38.	श्री सरस्वती माध्यमिक विद्यालय थिर्पु	३०००	३६०००	मा.वि सहयोगी
39.	श्री सिद्धनाथ आ.वि कायरदेव	३०००	३६०००	मा.वि सहयोगी
40.	श्री मष्टा आ.वि नेटा	३०००	३६०००	मा.वि सहयोगी
41.	श्री प्रतिभा वा.वि.के तुसारे	३०००	३६०००	मा.वि सहयोगी
42.	श्री गणेश आ.वि खाडा	३०००	३६०००	मा.वि सहयोगी
43.	श्री माडुगडा आ.वि पारौटी	३०००	३६०००	मा.वि सहयोगी
44.	श्री जनविचार आ.वि मेहेल्ने	३०००	३६०००	मा.वि सहयोगी
	जम्माः		१३६८०००	

असुल गर्नुपर्ने	१३,६८,०००

२८ **शैक्षिक गुणस्तर**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ । सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वियन गर्नुपर्नेमा सो गरेको छैन । अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वियन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

२९ **शिक्षक दरबन्दी तथा पदपूर्ति**

गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ

सि.नं	विद्यालय संख्या	शिक्षक दरवन्दी जम्मा	पदपूर्ती जम्मा	पदपूर्ति मध्ये करार	विद्यार्थी जम्मा
१	५०	८५	८५	३०	६९०८

स्थानीय सरकार संचालन ऐनको दफा ११ मा पालिका भित्रको विद्यालय शिक्षा व्यवस्थापनको कार्य पालिकाको अधिकारक्षेत्र भित्र रहेको देखिन्छ । विद्यालय शिक्षालाइ गुणस्तरीय बनाउन विद्यार्थी तथा शिक्षक अनुपात समेत विश्लेषण गरी आवश्यक दरबन्दी मिलान गर्नुपर्दछ । उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ती एवं विद्यार्थी संख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ८१ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी कुनैमा बढी भएको तथा कुनैमा कम देखिएकोले गाउँपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

३० **भ्रमण खर्च**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीहरुलाई भ्रमण खर्च बापत रु. २३४०००० खर्च लेखेकोमा अधिकांश भ्रमणको उद्देश्य स्पष्ट नभएको हुदा के कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,नियमानुसार भ्रमण

अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त नभएको,भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमण खर्च लेखेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३१ स्थानीय भत्ता

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।३।२९ को निर्णयानुसार मिति २०७१।४।१ वाट लागु हुने गरी अर्थ मन्त्रालयले नयाँ तलबमान तथा सुविधा सम्बन्धमा मिति २०७१।४।२ मा गरेको परिपत्र अनुसार राशन सुविधा पाइ रहेका तथा अन्य त्यस्तै सुविधा पाइरहेका जिल्ला भित्र स्थायी वसोवास भएका निजामती सेवाका कर्मचारीहरुले (क) र (ख) वर्गमा तोकिएको रकमको ५० प्रतिशतका दरले मात्र स्थानीय भत्ता पाउने व्यहोरा उल्लेख छ । पालिकाले यस वर्ष जिल्ला भित्र स्थायी वसोवास भएको वा नभएको एकिन नगरी सवै कर्मचारी तथा शिक्षकहरुलाइ तोकिएको १०० प्रतिशत रकमनै भुक्तानी गरेको छ । त्यसैले स्थानिय भत्ता भुक्तानी गर्नु पूर्व कर्मचारी तथा शिक्षकको स्थायी वसोवासको ठेगाना एकिन गरी तोकिए वमोजिमको दरमा मात्र रकम भुक्तानी गर्नेतर्फ ध्यान दिनुपर्दछ । शसर्त अनुदान शिर्षकवाट तलव खाने गरी करारमा नियुक्ति भएकालाइ यसवर्ष रु.२९१३३० स्थानीय भत्ता भुक्तानी गरेकोमा स्थानीय भत्ता भुक्तानी गर्नु पूर्व कर्मचारी/शिक्षकको स्थायी बसोवासको ठेगाना एकिन गरी तोकिए वमोजिमको दरमा मात्र रकम भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३२ फरक शिर्षकमा खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक निकायले खर्च लेख्दा सम्बन्धित शिर्षक तथा बजेट सिमाको अधिनमा रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न भौ.नं र मितिवाट निम्नानुसारको शिर्षकवाट खर्च लेखेकोमा शिर्षक विपरित निम्नानुसारको क्रियाकलापमा भुक्तानी गरेको अनियमित देखिएको रु.

भौ.नं मिति	खर्च लेखेको शिर्षक	खर्चको प्रमाणको कागजात	खर्च रकम
१२२-११।९	मर्यादित महिनावारी व्यवस्थापन Gedsi स्थानीय स्रोत व्यक्तिको सामूदायिक वैठक तथा कार्यशाला	सुस्वा परियोजनामा कार्यरतको तलव	४६०००
२६९-३।१८	Wash Unit को प्रशासनिक खर्च	Wash Unit काम गर्ने कर्मचारीहरुको तलव	१५७०८४
	जम्मा		२०३०८४

अनियमित भएको	२,०३,०८४

३३ बिउ बिजन वितरण

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा गाउपालिकाको अधिकारको व्यवस्था गरेको छ ।सोही दफाको उपदफा ण(१) मा कृषि उत्पादन व्यवस्थापन, योजना कार्यान्वयन तथा अनुगमन नियमन गर्नुपर्ने व्यवस्था छ । स्थानिय वाली उथ्थान कार्यक्रम अन्तर्गत रुपवहादुर विष्टले स्थानियहरुसंग नै भर्पाइ गरी विभिन्न रैथाने विउ विजनहरु कोदो सिमि कागुनो तथा भटमासहरु १०५० के.जी.को रु.५०१२९५ मा खरिद गरी विभिन्न मितिमा स्थानियहरुलाई नै वडा कार्यालयको रोहवरमा निम्नानुसारका विउ विजनहरु वितरण भएको छ । लाभग्राही छनौट र वितरण गरिएका विउ विजनवाट लाभग्राहीले उद्बेश्य अनुरुप प्रगती हासिल गरे नगरेको सम्बन्धमा सम्बन्धित शाखावाट अनुगमन गरी प्रतिवेदन गर्ने गरेको देखिएन । आगामी दिनमा यस्तो कृषि सम्बन्धित अनुदान कार्यक्रम निर्धारण गर्नुपुर्व लाभग्राही छनौट मापदण्ड तथा उक्त अनुदानको उपयोगिता सुनिश्चित हुने गरी अनुदान परिचालनमा कार्यविधि निर्माण गर्नुपर्दछ ।

स्थानीय वालीहरु	परिमाण	विउ विजन पाउनेहरुको संख्या	वितरित परिमाण
कोदो वितरण	२००केजी	२००जना	२।२ केजी
सिमि वितरण	४५० केजी	२१० जना	२।२ केजी
फापर वितरण	१०० केजी	१०० जना	१।१ केजी
कागुनो वितरण	२०० के जी	२०० जना	१।१ केजी
चिनो वितरण	२० के जी	१२५ जना	एक चौथाइ केजी
भटमास वितरण	५० केजी	१०० जना	आधा आधा केजी

३४ **फाँटवारी बेगर भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३५ **बिल भरपाइ**

३०९-३।२३ वाट आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले सुनौलो हजार कार्यक्रम पोषण सुधारको आय आर्जन अनुदान राज वहादुर वमको फाँटवारी अनुसार १००००० खर्च लेखेको छ ।उक्त खर्चको विल भरपाइ अनुसारको जोडजम्मा रु.८५८४० मात्र देखिएकोले बाँकी रु १४१६० को सम्बन्धमा प्रयोजन खुल्ने र सो खर्च सगं सम्बन्धित बिल, बिजक तथा भरपाइ पेश हुनुपर्ने अन्यथा सम्बन्धितवाट असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१४,१६०

३६ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **६६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३७ **नर्म्स भन्दा बढी खर्च**

२५८-३।१६ वाट कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.३०२ वमोजिम शैक्षिक सुशासनका लागी संस्थागत क्षमता विकास विद्यार्थी परिक्षण मूल्यांकन, शिक्षक मेन्टरिङ्ग तथा विद्यालय सुपरिवेक्षण वापत प्रत्येक पालिकाले संघिय अनुदानवाट प्रति विद्यार्थी रु २७५ मात्र खर्च गर्न पाउने उल्लेख छ। उक्त रकम नपुग भएमा थप रकम पालिका आफैले व्यहोर्ने तर संघिय अनुदानवाट तोकिएको दरमा मात्र खर्च गर्न पाउने उल्लेख छ । पालिकाले यस वर्ष उक्त कार्यको लागी रु ३१९१०६ खर्च लेखेको छ । कक्षा ८ को परिक्षा संचालन तथा प्रमाणीकरण एवं विद्यार्थी मूल्यांकनमा खर्च गरेको छ । इमिसको रेकर्डमा कक्षा ८ मा जम्मा संख्या ४७२ जना रहेको देखिन्छ । कार्यविधिले प्रति जना रु.२७५ का दरले खर्च गर्नुपर्ने उल्लेख छ । जम्मा विद्यार्थी संख्या ४७२x२७५= १२९८०० मात्र खर्च लेख्न मिल्ने देखिन्छ । शसर्त अनुदावाट प्राप्त रकम नपुग्ने भएमा पालिका आफैले बजेट व्यवस्थापन गरी खर्च गर्नुपर्नेमा उक्त शिर्षकवाट नै खर्च लेखेकोले बढी खर्च रु १८९३०६ पालिकाले संघिय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,८९,३०६

३८ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

मुख्यमन्त्री रोजगार संम्वन्धी कार्यविधि, २०७८ अनुसार पालिकामा ९ वटा योजनामा १५ लाखको दरले रु.१३५००००० विनियोजन भएकोमा रु.१२६५६३१८ खर्च हुनुको साथै १८९ जनाले रोजगारी प्राप्त गरेका छन । यस कार्यमा उपभोत्ता समिती मार्फत बाटो, कुलो, विद्यालय मर्मत जस्ता कार्य गरेको देखिन्छ । यसले अल्पकालिन रोजगारी सिर्जना भए तापनी दीर्घकालिन रोजगारी सिर्जना हुने देखिदैन । अत यस्तो लगानी गर्दा दीर्घकालिन रोजगार दिने कार्यमा लगानी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

३९ **कर दाखिला**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **४,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४० **मर्मत**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा मालसामान मर्मत सम्भार गर्ने गराउने सम्बन्धि कार्यविधि उल्लेख छ ।जस अनुसार सार्वजनिक निकायलाइ कुनै मालसामान तथा उपकरण मर्मत गराउन पर्ने भएमा मालसामानको प्रयोगकर्ताले लिखित जानकारी कार्यालय प्रमुखलाइ दिने र मर्मत गर्नुपर्ने आवश्यकता हेरी लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । त्यस्तै मर्मत कार्यमा पाटपूर्जा फेरबदल गर्नुपर्ने भएमा पाच हजार भन्दा बढीको सामानको अभिलेख राख्ने र पुरानो सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । सम्बन्धित प्राविधिकवाट मर्मत कार्य र जडान भएको पार्ट एकिन गराइ प्रतिवेदन प्राप्त भए पछि मात्र रकम भुक्तानी दिनुपर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक निकायले मेशीनरी औजार मर्मत गर्दा मलेप फा न ४१४ भर्नुपर्ने व्यवस्था छ । पालिकाले २ पाँग्रे तथा चार पाँग्रे सवारी मर्मत खर्च भुक्तानी उल्लेखित कार्यविधि पुरा नगरेको तथा म.ले.प.फा.नं. ४१५ तयार नगरी रु. ११२६३३४ खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

४१ **बजेट विनियोजन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने उत्पादनशील एवं रोजगारीमूलक कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । ऐन अनुसार पालिकाले बजेट निर्धारण गर्दा बढी प्रतिफल दिने तथा प्राथमिकतामा परेको शिक्षा स्वास्थ्य तथा भौतिक पूर्वाधारको क्षेत्रमा विनियोजन गरी खर्च गर्नु पर्दछ। पालिकाले सिमित स्रोत साधानलाई देहायको वितरणमुखी प्रकृतिको कार्यमा विनियोजन गरी खर्च गरेको हुदा यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।

सि.नं	गो भौ न र मिति	क्रियाकलापमुखी खर्च	भुक्तानी भएको रकम
१	४७४-२०८२।२।२२	खेलकुद तथा अतिरिक्त कार्यक्रम	५२२०००.
२	४७५-२०८२।२।२३	राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता	२६२५००.
३	६२९-२०८२।३।२०	पलाता खेलकुद विकास समिति	५४०१५०.

४२ **बिल बिजक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको लेखा राख्दा खर्च पुष्टि गर्ने बिल बिजक तथा भरपाइ संलग्न राख्नुपर्ने व्यवस्था छ । पालिकाको स्रेस्ता परीक्षण गर्दा कतिपय स्रेस्ताहरुमा विल विजकहरु राम्ररी राखेको पाइएन। यसका केही उदाहरण तलको तालिकामा देखाइएको छ।पालिकाले निम्नानुसारका भुक्तानीहरुमा बिल बिजक तथा भरपाइ लगायत कागजात संलग्न नराखेको हुदा उक्त विल भरपाईको प्रमाण पेश हुनुपर्ने देखिएको रु

गो भौ न र मिति	खर्चको उदेश्य	भुक्तानी पाउने	**कैफियत**	भुक्तानी रकम
६५-२०८१।६।१७	सवारी साधन मर्मत	न्यू जेनुन अटो पार्टस	विल प्रमाण नभएको	६८८४०
४६२-२०८२।२।१९	घरभाडा	प्रेम वहादुर वम	सम्झौता विल प्रमाण केहि नभएको	४७५२०
४९१-२०८२।३।३	संचार	वल्डलिकं	सक्कल विल प्रमाण नभएको	२७१२०
६३७-२०८२।३।२१	पशु औषधि	दिपक परियार	बिल नरहेको	२२०००
जम्मा				१६५४८०

प्रमाण पेश नगरेको	१,६५,४८०

४३ **कार्ययोजना**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

४४ **नया शहर पूर्वाधार** (९-2082-03-10):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्ने अधिकारीले बजेट शिर्षक र सिमामा रहेर बजेट खर्च गर्नुपर्ने उल्लेख छ । पालिकालाइ संघिय शसर्त अनुदानमा आ व २०८१।८२ को कृयालाप नं ११.४.२२.१७६२९ शिर्षक "कालिकोट जिल्ला पलता गा पा वडा नं २ शैनामा नया शहर स्थापनाको लागि शहरी पूर्वधार निर्माण" मा रु.५०००००० विनियोजन भएकोमा रु.३१९६२६४ खर्च गरेको छ । नया शहर गुरुयोजना अनुसार आवश्यक भौतिक पूर्वधार निर्माण गर्न भनी विनियोजन भएको रकम मध्ये रु.१९९४५२४ परियोजनको डि पि आर निर्माण कार्यमा खर्च गरेको छ ।गाउँपालिका आफैले रकम विनियोजन गरी डि पि आर स्विकृत भए पछि सो अनुसार संघिय सरकारको अनुदान भौतिक निर्माण कार्यमा मात्र खर्च गर्नुपर्नेमा अन्य कार्यमा खर्च गरिएको हुदा उक्त खर्च भएको रकम पालिकाले संघिय संचित कोषमा फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	१९,९४,५२४

४५ **परामर्श सेवा**

सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरिएको छ । यो वर्ष परामर्शदातावाट डी.पी.आर तथा गुरु योजना तयार गर्ने कार्य गराइ देहाय वमोजिम भुक्तानी गरेको छ ।

क्र सं.	स्रोत	खर्च (रु हजारमा)				खरिद विधि	कार्यान्वयन	
		गत वर्ष		यस वर्ष				
		संख्या	रकम	संख्या	रकम		गत वर्ष	यस वर्ष
१	गाउपालिका पुँजिगत	६	७४२३	६	९६०६	शिलबन्दी	०	०

(क) परामर्श सेवाको लागि लागत अनुमान तयार गर्दा लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स लेखापरीक्षणमा पेश भएन । यसले गर्दा कार्यालयवाट स्वीकृत लागत अनुमान यथार्थपरक छ भनी यकिन हुन सकिएन।

(ख) कार्यालयको प्राविधिक जनशक्तिवाट हुन नसक्ने योजना मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउनु पर्नेमा कार्यालयको जनशक्तिबाट हुन सक्ने/नसक्ने यकिन नगरी परामर्शदातावाट कार्य गराएको पाइयो । कार्यालयको जनशक्तिवाट हुने कार्य कर्मचारीवाटै गराइ परामर्श सेवा खर्चमा नियन्त्रण हुनुपर्दछ ।

४६ **सवारी साधन**

२७८-११।८, यातायात तथा सवारी व्यवस्था ऐन २०४९ को दफा ९ मा सरकारी सवारी भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता रहेको सवारी साधन भनी उल्लेख गरेको छ । सो अनुसार सार्वजनिक निकायले आफ्नो स्वामित्वमा रहेको जुनसुकै सवारी साधन सार्वजनिक निकायको नाममा नामसारी गरी सरकारीकरण गर्नुपर्ने हुन्छ । पालिकामा विगतमा खरिद गरिएको लु.७१.प नं. को दुइ पांग्रे मोटरसाइकल र यस वर्ष रु ७४२५५८ मा खरिद गरेको २ वटा मोटरसाइकल सहित ३ वटा सवारी साधन आफै खरिद गरी कार्यालय प्रयोजनको लागी प्रयोग गरेको भए पनि उक्त मोटरसाइकल पालिकाको नाममा नामसारी गरेको नदेखिएकोले दुइ पांग्रे सवारी पालिकाको नाममा नामसारी गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	१०,४०,५५८

४७ **सामाग्री हस्तान्तरण**

८३।०८२।३।१९, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा सार्वजनिक निकायमा प्राप्त हुने मालसामान कार्यालयमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । त्यस्तै उक्त मालसामानहरु सम्बन्धित निकाय तथा व्यक्तिलाइ हस्तान्तरण गरी कार्यालयको अभिलेखवाट कट्टा गर्ने र सम्बन्धित कार्यमा उपयोग भएको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्दछ । पालिकाले हाइड्रो स्टिल्स कम्पनी प्रा लि वाट विभिन्न विद्युत सम्बन्धि सामाग्री खरिद गरी रु ८९१९०९ भुक्तानी गरेको छ । उक्त मालसामानहरु सिन्सिना लघु जलविद्युत आयोजना मर्मतको लागी प्रदान गरिएको देखिन्छ । तर उक्त जलविद्युत मर्मतको लागी आवश्यक पर्ने मालसामानको लागत अनुमान नबनाएको साथै उक्त सामानहरु जडान गरेको र उपयोग गरेको पुष्टि गर्ने प्रमाण संलग्न रहेको देखिदैन । विद्युत सामानहरु हस्तान्तरण गरेको तथा सम्बन्धित कार्यमा जडान गरेको पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	८,९१,९०९

४८ **कार्यसम्पादन अद्यावधिक**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन दायित्व भएको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर पालिकाले कार्यसम्पादन जमानतको अवधि खुल्ने गरी समयमा कार्य सम्पन्न हुन नसकेका विगत तथा यस बर्षको ठेक्काको विवरण अद्यावधिक गरेको देखिएन। सबै ठेक्का विवरण अद्यावधिक गरी कार्यसम्पादन जमानत मान्य अवधि थप गरिनु पर्दछ ।

४९ **रैथाने वाली प्रवर्द्धन कार्यक्रम**

३१६-३।२४ वाट प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१ अनुसार रैथाने वाली प्रवर्धन कार्यक्रम अन्तर्गत रैथाने वालीको महत्व र परिकारको विद्यार्थीहरुलाइ जानकारी गराउन तथा विद्यालयको दिवा खाजा कार्यक्रममा रैथाने उपजको परिकार वनाउनको लागी विद्यालय छनौट एवं मोडालिटी तयार गरी कलशा आ.वि.संग सम्झौता गरी दिवा खाजा वापत नियमित दिवा खाजाको रु.२५ र शसर्त अनुदानको रु.२५ समेत प्रति विद्यार्थी रु.५० वरावरको दिवा खाजा खुवाउनु पर्ने शर्त गरी रु.९८७०५ विद्यालयलाइ निकासा गरेको छ । उक्त अनुदान रकमवाट विद्यालयले प्रति विद्यार्थी रु.५० रुपैंयाका दरले खाजा खुवाए/नखुवाएको सम्बन्धमा कृषि र शिक्षा शाखावाट अनुदान रकमको अनुगमन गरी सहि सदुपयोग भए/नभएको प्रतिवेदन गरेको देखिएन । यसरी अनुदान दिने अनुगमन नगर्ने हो भने उद्देश्य अनुरुप लक्ष्य हासिल नगर्ने हुँदा आगामी दिनमा यस्ता अनुदान रकमको अनुगमन गरी कार्यक्रमलाइ अझ प्रभावकारी वनाइनु पर्नेमा पालिकाको ध्यान जानु पर्छ ।

५० **बढी निकासा**

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **१५५,६६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१ **सामाजिक सुरक्षा तर्फ**

यो वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्न सानिमा वैंक मार्फत लाभग्राहीलाई रु. ७८०५२८८९ निकाशा दिएकोमा उक्त भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसारछन् ।

५१.१ लाभग्राहीको संख्याः गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ मा सामाजिक सुरक्षा भत्ता वापत वडा नं.१ देखि ८ सम्मका लागी निम्नानुसारको संख्यामा लाभग्राहीको खातामा EFT निकासा गरेको कार्यालयवाट प्राप्त विवरणवाट देखिन्छ । गाउँपालिकाले यो वर्ष ९ वटै वडामा भत्ता वितरण गर्न सानिमा वैंक मार्फत रु ७८०५२८८९ निकासा गरेको छ । गत वर्ष देखि EFT मार्फत सिधै लाभग्राहीको खातामा रकम जम्मा हुने गरेकोले अन्तीम त्रैमासिकमा निकासा सम्बन्धमा कार्यालयले वैंकसंग समन्वय गरी तथ्याङ्क यकिन गरी बांकी रकम फिर्ता गर्नुपर्दछ । यस वर्ष गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेख देहाय अनुसार छ ।

वडा नं.	त्रैमासिक	अन्य जेष्ठ नागरिक भत्ता	जेष्ठ नागरिक एकल महिला	जेष्ठ नागरिक क्षेत्र तोकिएका	विधवा (आर्थिक सहायता)	क बर्ग (अपाङ्गता भत्ता)	ख बर्ग (अपाङ्गता भत्ता)	क्षेत्र तोकिएका वालवालिका
१	प्रथम	१००	५	१०५	२५	२	११	३८७
	दोस्रो	१०३	५	१०५	२३	२	११	३९१
	तेस्रो	१०५	५	१०४	२५	२	१०	३८७
	चौथो	१०९	५	१०४	२६	२	११	३८१
२	प्रथम	१००	२	१३०	३७	४	११	४५३
	दोस्रो	९९	२	१३३	३८	३	११	४४९
	तेस्रो	१०२	२	१३२	३८	३	११	४३४
	चौथो	१०१	२	१३५	३९	३	११	४३४
३	प्रथम	९३	६	११६	२०	१	९५	४२९
	दोस्रो	९६	६	११३	२०	१	१५	४३३
	तेस्रो	९९	६	११२	२०	१	१५	४२८
	चौथो	१९	६	११२	२१	०	१५	४२१
४	प्रथम	६२	३	५२	१३	३	६	२१३
	दोस्रो	६३	३	५४	१३	३	६	२२१
	तेस्रो	६३	३	५४	१४	३	६	२२५
	चौथो	६४	३	५१	१३	३	६	२२०
५	प्रथम	३३	४४	४२	१५	०	२	१७४
	दोस्रो	३३	४	४२	१६	०	२	१६३
	तेस्रो	३४	४	४२	१७	०	२	१५४
	चौथो	३४	४	४४	१७	०	२	१५४
६	प्रथम	६८	३	५९	१८	०	११	२७०
	दोस्रो	६८	३	६२	१८	०	११	२८२
	तेस्रो	६९	३	६२	१८	१	११	२७५
	चौथो	६९	३	६३	१८	१	११	२७५
७	प्रथम	६८	३	८१	३१	१	१०	३९१
	दोस्रो	७१	३	७९	३१	२	१२	३८७
	तेस्रो	७२	३	८०	३२	२	१२	३८०
	चौथो	७६	३	७९	३२	२	१२	३६५
८	प्रथम	७२	१	६०	१८	२	१०	२१९

	दोस्रो	७४	१	६४	१९	२	१०	२०९
	तेस्रो	७७	१	६१	१९	२	१०	२०५
	चौथो	७७	१	६०	१९	२	१०	२००
९	प्रथम	५५	५	७२	२६	४	८	२८१
	दोस्रो	५८	५	७१	२६	४	८	२७८
	तेस्रो	५८	५	७२	२६	४	८	२५७
	चौथो	५७	५	७७	२५	४	८	२५४
कूल जम्माः								

५१.२ **अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ वमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो वमोजिम गाउँपालिकाले कसैले दोहोरो हुने गरी र सरकारी सुविधा लिने व्यक्तिले भत्ता लिए/नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गरेको देखिएन । कार्यविधिले तोके वमोजिम अनुगमन हुनुपर्दछ ।

५१.३ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ वमोजिम स्थानीयतहले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने वैंङ्क, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया सम्बन्धी स्थानीय सामाजिक संघ/संस्था तथा गैह्र सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानिय एफ.एम लगायत सञ्चार माध्यमहरुवाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम स्थानीय तहले आफ्नो वेभसाइटमा राख्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले सो वमोजिमको कार्य गरेको देखिएन ।

५१.४ **लगतकट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, समाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा केही वडाहरुको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण नमूना छनौट गरी हेर्न एम.आइ.एस अप्रेटर उपस्थित नभएको कारण मृत्यु पश्चात लाभग्राहीको खातामा रकम निकासा गए/नगएको परीक्षण गर्न सकिएन । यस सम्बन्धमा कार्यालयलेनै थप छानविन गरी वढी निकाशा भएको भए उक्त रकम फिर्ता लिई संघिय संचितकोष दाखिला गर्नुपर्दछ ।

५२ **आधारभूत स्वास्थ्य तथा सरसफाइ**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (झ) मा गाउँपालिकाको क्षेत्राधिकार भित्र आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषण सम्बन्धि नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा कार्यान्वयन तथा नियमन गर्ने उल्लेख छ । तर पालिकाले लेखापरीक्षण अवधि सम्म आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धि कुनै नीति तथा कानुन बनाएको देखिएन । आवश्यक कानुन निर्माण गरी स्वास्थ्य सेवाको गुणस्तरीयता अभिवृद्धि गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : पलता गाउँपालिका, कालिकोट , पलाता गाउँपालिका , कालिकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Suresh Kumar Shrestha	२०८०-५-२१	२०८१-०६-१९
कार्यालय प्रमुख	गौरव नेपाल	२०८१-०८-०९	हाल सम्म कार्यरत
लेखा प्रमुख	गोपाल बोहोरा	२०७९-९-१	२०८२-०२-०१
लेखा प्रमुख	दिवाकर पन्त	२०८२-०२-०२	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,८६९,९९५	२,६६३,९६८	६,३१८,५६२	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	११,८५२,५२५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	५९६,९००
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	११,२५५,६२५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२३३०५३६६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२८६५४७०४०	चालु खर्च	२७६२७०६९८
प्रदेश सरकारबाट अनुदान	८५९३१६७३	पूँजीगत खर्च	१०९७२०६९७
राजश्व बाँडफाँट	४०८०२०००	वित्तीय/अन्य व्यवस्था	११९४५०३१२
आन्तरिक आय	१८२८१५९.०		
अन्य आय	८३३६४८९०		
कुल आय	४९८४७३७६२.०	कुल खर्च	५०५४४१७०७
बाँकी मौज्दात		१६३३७४२१	

अनुसूची - २

सुझाव

स्थानीय तहद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।